नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख २०६७/२०६८ (April 2011) वर्ष १५/अङ्क १६९

## कसैले बन्द गर्न नसक्ने खुला ढोका

– पाष्टर रोबर्ट कार्थक

मृत्युमाथि विजयी भएर बौरी उठ्नुभएको प्रभु येशूले फिलाडेल्फियाको मण्डलीको दुतलाई यो सन्देश पठाउनुभयो । "यो कुरा त्यसले भन्दछ, जो पवित्र छ, जो सत्य छ, जससँग दाऊदको साँचो छ , जसले खोल्छ, कसैले थुन्ने छैन, र जसले थुन्छ, कसैले खोल्ने छैन । ...... 'हेर मैले तिम्रो सामुन्ने ढोका खुला राखिदिएको छु, जो कसैले थुन्न सक्तैन ।'

येशु प्रभुले पठाउनुभएको यो खबर त्यस बेलाको फिलाडेल्फियाको मण्डलीको लागि मात्र थिएन । यो खबर आज हाम्रो लागि पनि हो, हामीपछि आउने पुस्ताहरूको लागि पनि हो । उहाँसँग दाऊदको साँचो छ । उहाँले मात्र बन्द गरिएको ढोकाको ताल्चा खोल्न सक्नुहुन्छ । जससँग साँचो छ, उसले मात्र ढोका खोल्न वा बन्द गर्न सक्छ । कसैसँग साँचो हुनु भनेको नै उसँग खोल्ने वा बन्द गर्ने अधिकार हुनु भनेको हो । मत्ती १६:१९ मा येशू प्रभुले पत्रुसलाई भन्नुभयो, 'म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु, जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला सो स्वर्गमा फुकाइनेछ ।'

खीष्ट येशूले खोल्नुभएको ढोका पापको दण्डबाट मुक्त भएर स्वर्गमा जान चाहनेहरूको निम्ति 'मुक्तिको ढोका' हो साथै उहाँमा विश्वास गरेर मुक्ति पाएकाहरू बाहिर गई सेवा गर्न चाहनेहरूको निम्ति 'सेवाको ढोका' हो । उहाँ भन्नुहुन्छ, 'हेर, मैले तिम्रो सामुन्ने ढोका खुला राखिदिएको छु । मुक्ति चाहनेहरू मुक्ति पाउनलाई भित्र पस्न सक्छन्, सेवा गर्न चाहनेहरू सेवा गर्नलाई फेरि बाहिर निस्कन सक्छन् । ढोका खुला छ, अब भित्र पस्नमा वा बाहिर निस्कनमा कुनै बाधा छैन, अवरोध छैन ।

नूहको जहाजमा पनि एउटै मात्र ढोका थियो । जल-प्रलयको विनाशकारी प्रकोपबाट बच्नलाई नूह र उनको परिवार साथै अरू पशु-पंक्षीहरू त्यही ढोकाबाट भित्र पसे । उनीहरू भित्र पसिसकेपछि मात्र परमेश्वरले जहाजको त्यो ढोका बन्द गरिदिनुभयो । जहाजभित्र पसेकाहरू सबै बाँचे, सुरक्षित रहे तर जहाजबाहिर रहेकाहरू सबै नाश भए । ढोकाभित्र पस्न नचाहनेहरू वा अलमल गर्ने र ढिलो गर्नेहरू जहाजभित्र पस्न पाएनन् । ढोका खुला रहेसम्म भित्र पसेर सुरक्षा पाउने मौका थियो, ढोका बन्द भएपछि सधैंको लागि मौका गुम्यो । ती सबै नाश भए । जहाजभित्र पसेर बाँचेकाहरू जहाजभित्रै बसि रहेनन् । उनीहरूलाई जीवन जिउनलाई त्यही ढोकाबाट बाहिर निस्कनु पऱ्यो । जल-प्रलयद्वारा वर्वाद भएको संसारलाई फेरि आवाद गराउनलाई उनीहरू ढोका बाहिर आए ।

बाँच्नलाई भित्र पस्दा जुन ढोका 'मुक्तिको ढोका' भएको थियो, सेवा गर्नलाई बाहिर निस्कँदा त्यही ढोका 'सेवाको ढोका' बन्न पुग्यो । सेवा गर्नलाई बाहिर निस्कनेहरूचाहिँ बाँच्नलाई भित्र जानेहरू नै थिए । जहाजभित्र नजानेहरू त जलप्रलयद्वारा नाश भए । तिनीहरूले त सेवा गर्ने मौकै पाएनन् । यूहन्ना १०:९ मा येशू प्रभु भन्नुहुन्छ, 'हेर, ढोका म नै हुँ, यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ र खर्कमा चर्न पाउनेछ ।' अझै पनि त्यसले भित्र-बाहिर गर्न पाउनेछ कारण ढोका खुला राखिएको छ ।

प्राय ६० वर्ष अघिसम्म नेपालको ढोका खीष्टियानहरूको लागि बन्द थियो । यहाँको शासकहरू र जनताले समेत नेपाललाई एउटा हिन्दु राष्ट्र नै राख्ने अठोट गरेथे । खीष्टियानहरूलाई नेपालभित्र आउने इजाजत थिएन । खीष्टियान हो भन्ने पत्ता पाउनासाथ तिनीहरू देशबाट बाहिर निकालिन्थे । राणाकालिन समयमा चालीस जनाजति दार्जिलिङ्गका नेपालीहरू नेपाल आएथे । हाम्रा पाष्टर डा. राजेन्द्र कुमार रोंगोंगकी आमा पनि रहेछन् भन्ने थाहा पाएपछि सरकारले उनीहरू सबैलाई तुरून्तै सिमाना पार गराइदियो । सन् १९५० को आन्दोलनपछि त्रिभूवन सरकारले खीष्टियान मिशनेरीहरूलाई पनि नेपालमा स्कूल, अस्पताल तथा अरू सामाजिक योजनाहरू शुरू गर्ने अनुमति दिनुभयो । त्यसपछि मात्र खीष्टियानहरू यस देशमा आउन पाए । सुसमाचारको लागि पनि नेपालको ढोका खोलियो ।

दार्जिलिङ्ग, सिक्किमतिर रहेका नेपाली खीष्टियानहरू नेपाल अधिराज्यका सबै नेपालीहरूले पनि खीष्ट प्रभुको सुसमाचार सुन्न पाऊन् भनेर वर्षौंदेखि प्रार्थना गरिरहेका थिए । "प्रभु अर्जी सुनिलेऊ, गोर्खालीले मुक्ति पाउने ढोका खोलिदेऊ" भन्दै हाम्रा पूर्वजहरू यस देशको निम्ति भजन गाउँदै परमेश्वरसँग प्रार्थना गर्ने गर्थे । उनीहरू साथै संसारका अरू देशका विश्वासीहरूको प्रार्थनाको उत्तरस्वरुप परमेश्वर पिताले यस देशको ढोका खोलिदिनुभयो । यस देशका मानिसहरूले पनि खीष्टको सुसमाचार सुन्ने मौका पाए ।

पंचायती व्यवस्थाका पालामा खीष्टियानहरूमाथि धेरै सत्तावट आएथ्यो । प्रभुका धेरै सेवक/सेविकाहरूले हुनसम्मको दुःख पाए । कति कुटिए, पिटिए, कतिले जेलको सजाय भोग्नुपऱ्यो । कति समाजबाट, सन्तानबाट बहिष्कृत भए । कतिले सबै किसिमका दुःख-कष्ट, हेला-निन्दा, अपमान, अन्याय, अत्याचार सहनुपऱ्यो । कति देश निकाला भए । मण्डलीलाई अत्यन्तै गाह्रो समयबाट गुज्रनुपऱ्यो । यस्तो समयमा पनि मुक्तिको ढोका बन्द भएन, खुलानै रह्यो । शैतानले, सरकारले, समाजले, सन्तानले यो मुक्तिको ढोका बन्द गर्ने अत्यन्तै कोशिस गऱ्यो तर सकेन । यो ढोकाबारे मत्ती ७:१३-१४ मा प्रभु भन्नुहुन्छ, 'साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट पस्नेहरू धेरै हुन्छन् । किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसलेचाहिँ जीवनमा पुऱ्याउँछ, र त्यो भेट्टाउने थोरै नै हुन्छन् ।'

कहिलेसम्म ढोका खुला रहन्छ, कसैलाई थाहा छैन । यो अनुग्रहको दिन हो । २ कोरिन्थी ६:२ मा लेखिएको छ, 'हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो ।' अझै पनि यस देशका धेरै मानिसहरू ढोका बाहिरै छन् । तिनीहरूले यो खुला ढोका भेट्टाउन सकेका छैनन् र अरू ढोकाहरू नै खोजिरहेका छन् । मुक्ति पाउनलाई परमेश्वरले दिनुभएको एउटैमात्र ढोका खीष्ट हुनुहुन्छ । ढिलो हुनुभन्दा अघि नै

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा |
| चैत्र २६ गते<br>अप्रिल ९ ता. | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुरकोटी | एल्डर<br>सिमोन खालिङ | पाष्टर<br>दफ्तन सादा | डीकन<br>रूद्र राई |
| वैशाख ३ गते<br>अप्रिल १६ ता. | एल्डर<br>दिनेश न्यौपाने | श्रीमती<br>रश्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | श्री<br>जिन रोबर्ट सन | एल्डर<br>श्री लक्ष्मी सैंजु | श्री<br>सुवास (भीम) खालिङ |
| वैशाख १० गते<br>अप्रिल २३ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>मान बहादुर मगर | श्री<br>दान बहादुर अधिकारी | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | डीकनेस्<br>श्यारोन रोंगोंग |
| वैशाख १७ गते<br>अप्रिल ३० ता. | पाष्टर अशोक मुखिया<br>डीकनेस् चन्दा मुखिया | एल्डर<br>पूर्ण सुनुवार | श्रीमती<br>सुमित्रा तामाङ्ग | डीकन<br>गोपाल शर्मा | श्री<br>प्रेम बहादुर ठकुरी | एल्डर<br>दिल थापा |
| वैशाख २८ गते<br>मे ७ ता. | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर<br>दफ्तन सादा | श्री<br>वीर बहादुर देउला | डीकन<br>श्याम कृष्ण रंजित |

...हामीले धेरैभन्दा धेर मानिसहरूलाई यस ढोकाभित्र ल्याउन परेको छ। यसैको निम्ति प्रभुले तपाईं र मलाई यस सेवामा नियुक्त गर्नुभएको हो ।

परमेश्वरले ढोका बन्द गर्नुभएपछि यो ढोका फेरि कसैले खोल्न सक्तैन । हामीले बेवास्ता गर्‍यौं भने लापरवाही देखायौं भने, नाश हुन लागेकाहरूलाई ढोका देखाएनौं भने लाखौं मानिसहरूको आत्मा मर्नेछन् अनि परमेश्वरले हामीलाई तिनीहरूको मृत्युको जवाफदेही तुल्याउनु हुनेछ ।

जबसम्म पापी मानिसहरूको लागि मुक्तिको ढोका खुला रहन्छ तबसम्म हामी प्रभुका सेवक/सेविकाहरूका लागि सेवाको ढोका खुला रहन्छ ।

यर्मिया ४८:१० ले भन्दछ,, "परमप्रभुको काम सुस्तसित गर्ने श्रापित हो ।"

१ कोरिन्थी १५:५८ मा पावल लेख्दछन्, 'यसकारण मेरा प्रिय भाइ हो, स्थिर र अटल रहो । प्रभुका काममा सधैँ बढ्दै जाओ । किनकि तिमीहरू जान्दछौ कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन ।"

१ कोरिन्थी १६:९ मा उनी लेख्दछन्, "किनभने प्रभावशाली कामको एउटा ठूलो ढोका मेरो निम्ति खोलिएको छ, अनि विरोध गर्नेहरू पनि धेरै छन् ।' ढोका खुला छ, ढिलो नगरौं ।

## जानकारी


१. फागुन २१ गते/मार्च ५ ता. शनिबार नेइम ललितपुर मण्डलीमा ४ जना बालबालिकाहरूको अर्पण गरियो ।

२. फागुन २८ गते/मार्च १२ ता. शनिबार नेइम पनौती मण्डलीमा १६ जना विश्वासीहरूले समर्पण गर्नुभयो । सोही दिन १० जना बालबालिकाहरूको बाल अर्पण गरियो ।

३. चैत्र ४ गते/मार्च १८ ता. शुक्रबार नेइम ललितपुर मण्डलीअन्तर्गतको शाखा मण्डली धादिङ्गको ढोला पवित्र चर्चमा १ जना अगुवा अभिषेक गरियो साथै सोही दिन १० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. फागुन २८ गते/मार्च १२ ता. शनिबार नेइम जोरपाटी मण्डलीमा ३० जना पानीको बप्तिस्मा लिनुभएका विश्वासीहरूले मण्डलीमा समर्पण गर्नुभयो ।

**सारा संसारको मानव जातिको उद्धारको निम्ति क्रूसमा मर्नुभएको ख्रीष्ट येशू प्रभुको पुनरुत्थान *(Easter)* साथै नव वर्ष २०६८ सालको सुखद अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।**



## जानकारी

मैतिदेवी बस्नुहुने ज्ञानेश्वर मण्डलीको सदस्य श्री श्याम बहादुर मुखिया ६० वर्षको उमेरमा चैत्र ९ गते/मार्च २३ ता. बुधबार प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:०० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबू<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार<br>आइतबार<br>सोमबार<br>मंगलबार<br>बुधबार<br>बिहीबार<br>शुक्रबार<br>सोमबार | बिहान ६:०० बजे<br>बेलुकी ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बजे<br>बिहान ६:०० बज<br>बिहान ५:०० बजे | नयाँ बानेश्वर, मीनभवन<br>लिपिकोट<br>ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२,गोंगबूँ,. पनौती सिर्जनानगर<br>धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला)<br>ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैसेपाटी<br>गोंगबूँ, कमलाक्षी<br>ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी गाम्छा र सुन्दरीजल<br>गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| चैत्र २६ गते अप्रिल ९ ता. | पाष्टर एल.पी. न्यौपाने | श्री अमृत लामा | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर गोपी राई | पाष्टर वीर बहादुर खवास | डीकनेस् नविना लिम्बु | श्री धन बहादुर तामाङ्ग |
| वैशाख ३ गते अप्रिल १६ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा – जोरपाटी चर्च | | | पाष्टर बर्णबास श्रेष्ठ | श्री निरज बोहोरा | श्री जय सिंह |
| वैशाख १० गते अप्रिल २३ ता. | पाष्टर महेश थाँजु | एल्डर जमान तामाङ्ग | एल्डर गोपी राई | एल्डर दानिएल सापकोटा | पाष्टर एल.पी.न्यौपाने | श्रीमती मीरा लामा | श्री धन बहादुर तामाङ्ग |
| वैशाख १७ गते अप्रिल ३० ता. | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | श्रीमती सन्तु लामा | एल्डर कर्ण बहादुर तामाङ्ग |
| वैशाख २८ गते मे ७ ता. | पाष्टर अशोक मुखिया | श्री कृष्ण श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च | श्री धन बहादुर तामाङ्ग |

## अप्रिल महिनाको कार्यक्रम

१. चैत्र २९- वैशाख २ गते/अप्रिल १२-१५ ता. मंगलबारदेखि शुक्रबारसम्म नेइम परामर्शको तालिम ज्ञानेश्वर मण्डलीमा

२. वैशाख १ गते, २०६८/अप्रिल १४ ता. बिहीबार नव वर्ष प्रार्थना आ-आफ्नै मण्डलीमा

३. वैशाख ९ गते/अप्रिल २२ ता. शुक्रबार असल शुक्रबार (गूड फ्राइडे) सेवा बेलुकी ५:३० बजे आ-आफ्नै मण्डलीमा

४. वैशाख ११ गते/अप्रिल २४ ता. आइतबार सूर्योदय (इस्टर) सेवा बिहान ६:०० बजे आ-आफ्नै मण्डलीमा

## नव दम्पत्ति परिवारलाई हार्दिक बधाई



फागुन २६ गते/मार्च १० ता. बिहीबार नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती राजेश/सिप्पोरा श्रेष्ठलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. नेपालका मण्डलीहहरूको लागि मृत्युपश्चात् दफन (मृत्यु संस्कार) गर्न नेपाल सरकाले आवश्यक जग्गा उपलब्ध गराइदिन सकेको होस् ।

२. प्रधानमन्त्री, मन्त्री मण्डल, विभिन्न प्रशासनिक निकायहरू, सुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सबै राजनैतिक दलका नेताहरू, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरू सबै एकता, मेलमिलाप र समझदारीमा रही देशलाई ठीक प्रकारले डोऱ्याउन सकून् ।

३. क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूको निम्ति अर्थपूर्ण हुन सकोस् र धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

४. एस.एल.सी.को परीक्षा दिएकाहरू सबै उत्तीर्ण हुन सकून् साथै स्कूल, कलेजमा पढिरहेका विद्यार्थीहरूको पढाई, लेखाई, भर्ना आदिका लागि प्रार्थना गरौं ।

५. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

६. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

७. नेपाल देशमा भएका सबै मण्डलीहरूले पवित्र आत्माको बप्तिस्मा पाउन सकून् र आत्माको भरपूरीमा वरदान चलाउने मण्डलीहरू हुन

८. मण्डलीको वृद्धि, विस्तार साथै फैलिएर गइरहेको क्षेत्रहरू पनौती, नगरकोट, गाम्छा, जहरसिंह पौवा, गुर्जुधारा, रानीपौवा, सुन्दरीजल, साउगाउँ सबै संगतिहरूमा गुणात्मक, संख्यात्मक, वृद्धिका साथै यी संगतिहरूलाई अगुवाई गर्नुहुने सेवक सेविकाहरूको लागि अझ बोझ, दर्शन र समर्पणताको लागि प्रार्थना गरौं ।

९. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

१०. सारा संसारभरि भइरहेका प्राकृतिक प्रकापद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

११. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् मण्डलीमा आउनुहुनेहरू सबै ख्रीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

१२. भूतात्माले सताइएकाहरू, रोगी बिरामीहरू, जाँड, रक्सी, चुरोट जस्ता लागु पदार्थको बन्धनमा भएकाहरू साथै विभिन्न प्रकारका बन्धन र समस्यामा परेकाहरूको छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| आइतबार<br>**Sunday** | २० 3<br>मण्डलीलाई अगुवाई गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई अघि बढाउन सकून् ।<br>३ यूहन्ना ६ | २७ 10<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | ४ 17<br>इस्राएल देशमा रहेका यहूदीहरूले प्रभु येशू खीष्टलाई मुक्तिदाताको रुपमा चिनेर आफ्नो हृदयमा बोलाउन सकून् ।<br>यर्मिया ३१:१२-१४ | ११ 24<br>गुड फ्राइडे र इस्टरको समयमा विभिन्न माध्यमहरूद्वारा साथै सेवा संगतिहरूमा, प्रचारिएको सुसन्देशद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना ११:२५-२६ | १८ May 1<br>विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाई, प्रशंसा कहिले पनि नरोकेको होस् ।<br>प्रेरित २:४२-४७ |
| सोमबार<br>**Monday** | २१ 4<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>मत्ती १८:१९-२० | २८ 11<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई अझै प्रेम गर्दै जानेहरू र उहाँको भय मान्नेहरू हुँदै जान सकौं ।<br>भजनसंग्रह १४५:१७-२० | ५ 18<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकून् ।<br>हबकूक ३:१७-१९ | १२ 25<br>नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, परिवारमा पहिलो स्थान दिन सकून् ।<br>एफिसी ३:१४-१९ | १९ 2<br>अन्धकारको शक्तिको विरूद्धमा खडा भई विजयी हुन, मण्डलीको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>एफिसी ६:१०-१८ |
| मंगलबार<br>**Tuesday** | २२ 5<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | २९ 12<br>सेवकाईमा सहायता पुऱ्याइराख्नु-भएकाहरूको परिवारले पनि सेवकाईमा साथ दिन सकून् ।<br>मत्ती ६:३३ | ६ 19<br>मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको लागि सबै जना बोझसहित लागिपर्न सकौं ।<br>मत्ती २८:१८-२० | १३ 26<br>भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४, ११ र १६ | २० 3<br>यी आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>मत्ती २४:१४-१८ |
| बुधबार<br>**Wednesday** | २३ 6<br>घरेलु संगतिका क्षेत्रहरू अझै बढेर फैलिएर जान सकून् र अगुवाई गर्नको लागि बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् ।<br>यशैया ५४:२-३ | ३० 13<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिद्वारा दिन प्रतिदिन हामी परिपक्वतातिर बढ्दै जान सकौं ।<br>कलस्सी २:६-७ | ७ 20<br>हामी सबै विश्वासीहरू सबै क्षेत्रमा परमेश्वरको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकौं ।<br>फिलिप्पी २:१२-१७ | १४ 27<br>प्रत्येक विश्वासीहरू आफू रहेको ठाउँमा खीष्टको साँचो साक्षीको जीवन जिउनेहरू हुन सकौं ।<br>१ पत्रुस २:९-१२ | २१ 4<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>हिब्रू १३:२१ |
| बिहीबार<br>**Thursday** | २४ 7<br>प्रत्येक परिवारले प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं ।<br>मत्ती ७:२१-२३ | १ वैशाख 14<br>बाल संगतिका सबै बालबालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा तथा अन्य क्षेत्रहरूमा प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ६१:८-९ | ८ 21<br>क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूको निम्ति अर्थपूर्ण हुन सकोस् र धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>हिब्रू ९:२२-२८ | १५ 28<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइराख्न सकून् ।<br>मलाकी ३:६-१२ | २२ 5<br>ऋण, मुद्दा, बेरोजगार, रोग साथै अन्य समस्या परेकाहरूको समस्या समाधान साथै छुट्कारा र निको हुवाईको लागि प्रार्थना गरौं ।<br>फिलिप्पी ४:५-७ |
| शुक्रबार<br>**Friday** | २५ 8<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २ 15<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ७८:१-८ | ९ 22<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हामी हुन सकौं ।<br>२ कोरिन्थी ५:१४-१५ | १६ 29<br>भोलि नेपालभरि हुने आराधना सेवामा गरेको स्तुति प्रशंसाद्वारा, उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | २३ 6<br>प्रत्येक शनिबार आराधना सेवा साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकून् ।<br>प्रस्थान १९:५-६ |
| शनिबार<br>**Saturday** | २६ 9<br>मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाई, स्थानीय संगति साथै सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२८:१-६ | ३ 16<br>सबै खीष्टिय संघ-संस्थाहरूमा सेवकाई र काम गर्ने सेवक/सेविकाहरूको लागि आशिष मागिदिऔं ।<br>२ तिमोथी ४:५ | १० 23<br>भोलि हुने सूर्योदय सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>लेवी २६:१२-१३ | १७ 30<br>विभिन्न व्यापार, व्यवसाय, नोकरी गर्नेहरूको कमाइमा परमेश्वरको आशिष र उन्नति मागिदिऔं ।<br>व्यवस्था २८:८-१३ | २४ 7<br>मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, भेटी, प्रशंसा सबै उहाँको महिमाको लागि अझै इमान्दारितामा गरिँदै जान सकौं ।<br>२ कोरिन्थी ९:६ |



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४८८९/४४१२१७२